म.जि.प्र.का दर्ता नः
१०४/०६७/०६८

समृद्धि प्रकाशन प्रा. लि.
हेटौंडा, मकवानपुर

म.जि.हु.का.द.नं.
३०/०६९/०७०

बागमती प्रदेशको राजधानी हेटौंडाबाट प्रकाशित लोकप्रिय 'क' वर्गको समाचारपत्र

समृद्ध समाज

SAMRIDDHA SAMAJ NATIONAL DAILY राष्ट्रिय दैनिक

वर्षः१५ अङ्कः- १६१ २०८१ वैशाख २० गते बिहीबार 2 May 2024, Thursday - पृष्ठ ४ मूल्य रु. ५/-

डढेलोबाट बचौं र बचाऔं ।

- सलाई, लाईटरजस्ता प्रज्वलनशील वस्तु बालबालिकाले भेट्ने ठाउँमा नराखौं,
- जंगलमा सलाई तथा लाईटरको प्रयोग नगरौं र गर्नै पर्ने भए सावधानीपूर्वक प्रयोग गरी राम्रोसँग निभाऔं,
- सानो असावधानीले जंगलमात्र होईन आसपासका वस्तीसमेत उजाड हुन सक्छन्,
- जन, धन र वनको संरक्षण गरौं,

सचेत बनौं, डढेलोबाट आफू पनि बचौं र अरुलाई पनि बचाऔं ।

नेपाल सरकार
विज्ञापन बोर्ड

प्रधानाध्यापक भोगेन्द्र लुइटेलका योजना

उपचारात्मक कक्षालाई अझै निरन्तरता दिनुपर्ने

शैक्षिक सत्र २०८० मा हामीले शैक्षिक सुधारका कार्यक्रमहरु सञ्चालन गरेका थियौं । शैक्षिक सुधार र भौतिक सुधारसँग सम्बन्धित दुई पक्षका योजनाहरु रहेका छन् । शैक्षिक योजनामा ७ कक्षासम्म अङ्ग्रेजी माध्यम रहेकोमा ८ कक्षासम्म लैजाने योजना पूरा गऱ्यौं । त्यसैगरी पाँच महिना अतिरिक्त कक्षा सञ्चालन गर्ने कार्ययोजना सम्पन्न भयो भने दोस्रो त्रैमासिक परीक्षा पश्चात ३, ४, ५ र ६ का सिकाई उपलब्धि कमजोर भएका बालबालिकाहरूलाई दुई महिना उपचारात्मक कक्षा सञ्चालन गऱ्यौं ।

विद्यार्थी-शिक्षकको सहकार्यमा शैक्षिक सामग्री निर्माण, प्रदर्शन र प्रयोगको योजना सहकार्यको आधारमा सम्पन्न गऱ्यौं । भौतिक पक्षमा सामान्य फर्निचर निर्माण, पुस्तकालय व्यवस्थापन, सिसी क्यामेरा जडान गर्ने योजना विभिन्न कार्यविधि अपनाएर सम्पन्न गऱ्यौं । जसमा सिसि क्यामरा २५ वटा जडान गर्ने योजना भए पनि ७ वटा जडान भएको छ । पालिकाबाट शिक्षक दरबन्दी प्राप्त नभएपनि वडाबाट स्वयम्सेवक शिक्षक प्राप्त गऱ्यौं । सिकाई तथा पढाईप्रति केही हदसम्म आकर्षण गर्न सकिएको छ । समग्रमा ७५ प्रतिशत योजनाहरु पूरा भएको छ ।

जनज्योति माविका प्रधानाध्यापक भोगेन्द्र लुइटेल आफ्नो प्रस्तुती राख्नुहुँदै ।

आर्थिक विपन्नता, अभिभावकमा भर पर्नुपर्ने, आर्थिक मन्दीका कारण विद्यालय पनि यसको चपेटामा परेको थियो । आवश्यक परामर्श सेवा दिन नसकेको, अभिभावकलाई सचेत गराउने नसक्नु हाम्रा चुनौति हुन् । शैक्षिक सत्र २०८० को सिकाई उपलब्धी अभिभावकले अपनत्व लिने सिकाई प्राप्त भएको छ । नतिजा प्रकाशनको बेलामा ग्रेडसिट र कपी वितरण गर्ने व्यवस्थाले गर्दा अभिभावक शिक्षकसँगको सम्बन्ध राम्रो भयो । त्यसैले यसलाई निरन्तरता दिनुपर्ने सिकाई रह्यो । समुदाय खेलकुदप्रति आकर्षित भएको हुनाले जनज्योति तेक्वान्डो डोजाङ भनेर गठन गरी विद्यार्थीलाई अनुशासित बनाउन सक्यौं । विभिन्न संघसंस्थाहरूबाट छात्रवृत्ति, स्टेशनरी प्राप्त गर्न सकिने सिकाई प्राप्त गऱ्यौं । परीक्षा प्रणालीमा सुधार ल्याउन अझै तालिमको आवश्यक भएको सिकाई र उपचारात्मक कक्षालाई अझै निरन्तरता दिनुपर्ने सिकाइ रह्यो ।

शैक्षिक सत्र ८१ मा शिक्षकलाई पुनर्ताजकी तालिम, अभिभावकसँग अन्तरक्रिया गर्ने योजना रहेको छ । स्थानीय सरकारबाट प्राप्त हुने भएकोले प्रत्येक कक्षामा सिसिटिभी क्यामेरा जडान गरिने छ । कक्षा ८ सम्म अङ्ग्रेजी माध्यम रहेकोले अब विद्यालयलाई कक्षा ९ सम्म अङ्ग्रेजी माध्यममा चलाउने, विशेष प्रकारका अन्तरक्रिया गोष्ठी छलफल कार्यक्रमलाई अगाडि बढाउने योजना रहेको छ । शैक्षिक सामग्री निर्माण तथा प्रदर्शनी प्रयोगलाई निरन्तरता दिने, घेराबार पर्खाल निर्माण गर्न बाँकी रहेकोले विभिन्न तहका सरकारसँग योजना प्रस्ताव गर्ने, केहि योजनाहरू कार्यविधि बनाएर कार्यरूपमा लैजाँदा तालिम बालकक्षादेखि लिएर ग्रेडसँग सम्बन्धित प्रशिक्षक ल्याएर कार्यरूप दिने, अभिभावकसँग निजी स्रोतका शिक्षकहरूका व्यवस्थापन गर्ने, अन्य ठूला योजनाका लागि ठूलो क्षमता भएका पक्षसँग जाने योजना रेहेको छ । विभिन्न किसिमका अराजनीतिक क्रियाकलाप, दरबन्दी सम्बन्धी संख्या घटबढ, विद्यार्थी संख्या घटबढ हुने कुरा चुनौती रहेको छ । नगरपालिकाले विभिन्न पेशागत तालिम दिनुपर्ने, शिक्षामा लगानी बढाउनु पर्ने कुरामा जोड रहेको छ । विद्यालयमा स्थायी शिक्षक ११, निजी स्रोत शिक्षक ६, राहत अनुदान ९, बालविकास २, वडा स्वयम्सेवक १ गरी २८ जना रहेको र विद्यार्थी ६ सय १२ जना रहेका छन् ।

(२०८० चैत २५ गते आयोजना गरिएको कार्यक्रममा हेटौँडा-१६, हटियास्थित जनप्रिय माध्यमिक विद्यालय (प्राविधिक शिक्षालय) को योजना प्रस्तुती कार्यक्रममा प्रधानाध्यापक भुपेन्द्र चौलागाईले प्रस्तुत गर्नुभएको विवरणको सम्पादित अंश)

थुनामुक्त गरिदिन्छु भनी रकम लिने व्यक्ति पक्राउ

समाज संवाददाता

हेटौंडाः मकवानपुरको बकैया गाउँपालिकामा जारी शहीद स्मृति खुला नकआउट पुरुष फुटबल प्रतियोगितामा मनहरी गाउँपालिका विजयी भएको छ । अखिल नेपाल खेलकुद महासंघ बकैयाको आयोजनामा बिहीबार भएको पहिलो खेलमा मनहरी गाउँपालिका विजयी भएको हो ।

मनहरीले निजगढ नगरपालिका बारालाई ४-० गोलले हराएको छ । मनहरीको तर्फबाट पहिलो हाफको ४ औं मिनेटमा मिलन मगरले १ गोल गर्दै टिमलाई अग्रता दिलाएका थिए । पहिलो हाफको ११ औं मिनेटमा राहुल थापा मगरले र १८ औं मिनेटमा अविन योञ्जनले समान १-१ गोल गर्दै अग्रतालाई बलियो बनाए । दोस्रो हाफको १२ औं मिनेटमा राहुल थापा मगरले थप १ गोल गरे ।

खेल अवधिभर निजगढको तर्फबाट कसैले पनि गोल फर्काउन नसकेपछि हार व्यहोर्नुपरेको हो । बिहीबार नै मरिण गाउँपालिका सिन्धुली र बागमती प्रदेश प्रहरी कार्यालयबीच भएको क्वाटरफाइनल खेल रात परेर समयले साथ नदिएको कारण ट्राइब्रेकरमा रोकिएको छ । खेल आज १२ बजे हुनेछ ।

प्रतियोगिताको उपाधि विजेता टिमले १ लाख रुपैयाँ र उपविजेता टिमले ५० हजार रुपैयाँसहित शिल्ड, मेडल र प्रमाणपत्र प्राप्त गर्नेछन् भने विधागत उत्कृष्ट खेलाडीहरुका लागि समेत विशेष पुरस्कारको व्यवस्था गरिएको आयोजकले जनाएको छ । प्रतियोगिता आयोजनाका लागि ९ लाख रुपैयाँ खर्च हुने अनुमान गरिएको छ । प्रतियोगिताको फाइनल खेल शनिबार हुनेछ ।

मोटरसाइकल आपसमा ठोक्किँदा २ जना घाइते

समाज संवाददाता

हेटौंडाः मकवानपुरको भीमफेदी गाउँपालिका-६, चकमकेमा मोटरसाइकल एक आपसमा ठोक्किँदा २ जना घाइते भएका छन् । मंगलबार भीमफेदी-कुलेखानी-काठमाडौं सडकखण्डमा इन्द्रसरोवर गाउँपालिकाबाट हेटौंडातर्फ आउँदै गरेको बा प्र ०२-००१ व ३३१९ नम्बरको सरकारी मोटरसाइकललाई हेटौंडाबाट काठमाडौंतर्फ जाँदै गरेको बा प्र.०२-०३० प २३६५ नम्बरको मोटरसाइकलले ठक्कर दिँदा दुबै मोटरसाइकलका चालक घाइते भएको बागमती प्रदेश प्रहरी कार्यालय हेटौंडाले जानकारी दिएको छ ।

घाइते हुनेमा सरकारी मोटरसाइकल चालक इन्द्रसरोवर गाउँपालिकाका स्वास्थ्य संयोजकको रुपमा काम गर्दै आएका चितवन जिल्ला रत्ननगर नगरपालिका-६ बस्ने ५० वर्षीय मन्नुनाथ अधिकारी र बा प्र.०२-०३० प २३६५ नम्बरको मोटरसाइकल चालक काठमाडौं, लाजिम्पाट बस्ने ५२ वर्षीय खवाज नसर साह रहेको प्रहरीले जानकारी दिएको छ । घाइते दुबैलाई भीमफेदी स्वास्थ्य चौकीमा सामान्य उपचारपश्चात् थप उपचारका लागि काठमाडौं ट्रमा सेन्टर लगिएको प्रहरीले जनाएको छ ।

डढेलोका कारण आगलागी हुँदा १८ लाख बराबरको क्षति

समाज संवाददाता

हेटौंडाः वनजंगलमा लागेको डढेलोका कारण घर गोठमा आगलागी हुँदा करिब १८ लाख रुपैयाँ बराबरको क्षति भएको छ । मकवानपुर जिल्लाको विभिन्न ५ ठाउँमा डढेलोका कारण आगलागी हुँदा १७ लाख ७५ हजार रुपैयाँ बराबरको क्षति भएको जिल्ला प्रहरी कार्यालय मकवानपुरले जनाएको हो ।

गर्मी मौसम बढेसँगै दिन प्रतिदिन डढेलो बढ्दै गएको छ । डढेलोले वायु प्रदूषण बढ्दै गएका कारण मानवीय स्वास्थ्यमा समेत असर पर्दै गएको छ । पशु चौपाय तथा आर्थिकरुपमा क्षति हुँदै आएको छ ।

मकवानपुर जिल्लाको बागमती गाउँपालिका-७, धनसाईमा पशुपति सामुदायिक वनमा लागेको डढेलोबाट स्थानीय डण्डाबहादुर गोलेको एक तले जस्ताले छाएको कच्ची गोठमा आागलागी हुँदा ३ लाख रुपैयाँ बराबरको क्षति भएको छ । मंगलबार दिउँसो १२ बजेर ३० मिनेटको समयमा गोलेको गोठमा आगलागी भएको खबर प्राप्त हुनासाथ प्रहरी सहायक निरीक्षक ध्रुवप्रसाद साहको कमाण्डमा ५ जनाको टोली खटी गएको थियो । स्थानीय र प्रहरीको सहयोगमा दिउँसो १ बजेर ३५ मिनेटको समयमा आगो पूर्णरुपमा नियन्त्रणमा आएको प्रहरीले जनाएको छ । आगलागीबाट मानवीय र चौपाया क्षति नभएको प्रहरीले जानकारी दिएको छ ।

हेटौंडा-९ स्थित हेटौंडा सिमेन्ट उद्योग परिसरमा बागमती प्रदेशका मन्त्रीहरुको निवास क्षेत्रमा रहेको जंगलमा डढेलो लागेको छ । मंगलबार दिउँसो १२ बजेर ४५ मिनेटको समयमा जंगलमा डढेलो लागेको प्रहरीले जानकारी दिएको छ । डढेलो लागेको खबर प्राप्त हुनासाथ इलाका प्रहरी कार्यालय पशुपतिनगरबाट १९ जनाको टोली, सशस्त्र प्रहरी बल १४ नम्बर गण हेडक्वार्टर मकवानपुरबाट ४५ जनाको टोली, बागमती प्रदेश विपत् व्यवस्थापन गुल्म हेटौंडा थानाभञ्याङबाट १६ जानको टोली र हेटौंडा उपमहानगर पालिकाको दमकलको सहयोगमा सोही दिन ३ बजेर १० मिनेटमा पूर्णरुपमा आगो नियन्त्रणमा लिइएको थियो । डढेलोबाट सिमेन्ट उद्योगको कम्पाउण्डभित्र रहेको भौतिक संरचना तथा मानवीय क्षति नभएको प्रहरीले जानकारी दिएको छ ।

मकवानपुरको बकैया गाउँपालिका-१०, देउबुजेस्थित देउबुजे खरपाखामा लागेको डढेलो अनियन्त्रित भई ४१ वर्षीय झलकबहादुर गोले र ४८ वर्षीय राजबहादुर गोलेको गोठमा आगलागी भएको छ । सोमबार दिउँसो २ बजेको समयमा डढेलो अनियन्त्रित हुँदा दुबै गोठमा आगलागी भएको र ७ लाख रुपैयाँ बराबरको क्षति भएको छ । इलाका प्रहरी कार्यालय ठिंगनबाट टोली खटी गई आगलागी नियन्त्रणमा लिएको हो । आगलागीबाट गोले द्वयको गोठमा घर बनाउन राखिएको काठपात पूर्णरुपमा जलेर नष्ट भएको र मानवीय तथा चौपाया क्षति नभएको प्रहरीले जानकारी दिएको छ ।

मकवानपुरको मकवानपुरगढी गाउँपालिलका-६, घोप्टे गाउँस्थित सामुदायिक जंगलमा लागेको आगोले सामुदायिक जंगल नजिक रहेको चोकप्रसाद तिमिल्सिनाको घर गोठमा आगलागी भएको छ । आगलागीबाट २ लाख ५० हजार रुपैयाँ बराबरको क्षति भएको प्रहरीले जानकारी दिएको छ ।

मंगलबार दिउँसो २ बजेको समयमा सामुदायिक वनमा लागेको आगोले वन नजिकै रहेको तिमिल्सिनाको घर गोठमा आगलागी भएको खबर प्राप्त हुनासाथ प्रहरी सहायक निरीक्षक निर्देश लामाको कमाण्डमा टोली खटी गई हेर्दा जस्ता, ढुङ्गा, माटो र काठले बनेको कच्ची घर र खरको छाना भएको गोठ पूर्णरुपमा जली नष्ट भएको प्रहरीले जानकारी दिएको छ । आगलागीबाट मानवीय तथा पशुचौपाया क्षति नभएको प्रहरीले जनाएको छ ।

यस्तै, मकवानपुरको मनहरी गाउँपालिका-१, घैयाडाँडामा सुकमाया प्रजाको घर र गोठमा आगलागी हुँदा ८ लाख रुपैयाँ बराबरको क्षति भएको छ । मंगलबार दिउँसो ३ बजेर ५० मिनेटको समयमा प्रजाको जस्ताले छाएको काठको बेरा भएको दुई तले घर र घरसँगै जोडिएको गोठमा अचानक आगलागी भएको बागमती प्रदेश प्रहरी कार्यालय हेटौंडाले जानकारी दिएको छ । आगलागीबाट घरभित्र रहेको लत्ताकपडा, काठ, भाँडाकुँडा र अन्नपात पूर्णरुपमा जली नष्ट भएको थियो । आगोलागी भएको खबर प्राप्त हुनासाथ प्रहरी टोली खटी गई प्रहरी, दमकल र स्थानीयको सहयोगमा मंगलबार दिउँसो ४ बजेर ५५ मिनेटमा आगो पूर्णरुपमा नियन्त्रणमा लिएको प्रहरीले जानकारी दिएको छ ।

सामुदायिक रेडियो,
रेडियो निकास
९३.४ मेगाहर्ज
सुनौं र
सुनाऔं

रेडियो निकास ९३.४
हेटौंडा, मकवानपुर
The Voice of Community

पत्रकार पेन्सनलाई योगदानमा आधारित बनाइने

एकल महिला पनि लाभान्वित हुने

समाज संवाददाता

हेटौंडाः नेपाल पत्रकार महासंघ मकवानपुर शाखाले स्थापना गरेको पत्रकार पेन्सन कार्यक्रमलाई योगदानमा आधारित बनाइने भएको छ । महासंघ मकवानपुरले २० बर्ष निरन्तर पत्रकारिता गरेका ६० बर्ष उमेर पूरा भएका पत्रकारलाई मासिक ४ हजार रुपैयाँ पेन्सन वितरण गर्न सुरु गरेको छ । पत्रकार पेन्सन कार्यक्रमका लागि महासंघ मकवानपुरले २७ लाख ५० हजार रुपैयाँ अक्षयकोष स्थापना गरेको छ ।

अक्षयकोषको रकममा वृद्धि गर्ने गरी बुधबार सम्पन्न १८ औं साधारणसभाले पत्रकार पेन्सन कार्यविधिमा संशोधन गर्दै बार्षिक एक हजार रुपैयाँ योगदानमा आधारित बनाउने निर्णय गरेको हो । पेन्सन कार्यक्रमलाई योगदानमा आधारित बनाउने विषयमा महासंघकी सदस्य सम्झना कार्कीको प्रस्तावलाई साधारणसभाले सर्वसम्मत पारित गरेको हो । यस्तै यसअघि २० बर्ष निरन्तर पत्रकारिता गरेर ६० बर्ष पूरा भई पत्रकारितामा निष्क्रिय भएकालाई भन्ने व्यवस्थामा पनि सुधार गरी क्रियाशील नै रहँदा पनि पेन्सन कार्यक्रमबाट लाभान्वित हुन सक्ने बनाइएको छ ।

पत्रकार पेन्सन कार्यक्रमका संयोजक तथा निवर्तमान अध्यक्ष हरि हुमागाईले पेन्सन कोषमा पुँजी भएका कारण सक्रिय पत्रकारलाई पनि पेन्सन कार्यक्रमबाट लाभान्वित गराउने प्रस्ताव गर्नुभएको थियो । यस्तै एकल/बिधवा महिलालाई पनि पेन्सन कार्यक्रममा समावेश गर्ने निर्णय गरिएको छ । महासंघका सदस्य सुरेश श्रेष्ठको प्रस्तावमा साधारणसभाले सर्वसम्मत एकल/बिधवा महिलालाई पेन्सन कार्यक्रमबाट लाभको अवसर प्रदान गर्ने निर्णय गरिएको हो । अहिले मकवानपुरका एकजना पत्रकार मात्रै पेन्सन कार्यक्रमबाट लाभान्वित हुँदै आएको छ ।

डिभिजन वन कार्यालय, मकवानपुरको अनुरोध ।

वनमा आगो लगाउनेलाई वन ऐन– नियम अनुसार ३ वर्ष कैद वा ६० हजार रुपैंयासम्म जरिवाना वा दुवै सजाय हुनसक्दछ, त्यसैले वनमा आगो लगाउने वा आगो लागि हुन सक्ने कार्य नगर्न नगराउनु हुन सम्पूर्णमा अनुरोध गरिन्छ । डढैंलो लागेको देखिएमा सबै समुदाय मिली तत्कालै डढैंलो निभाऔं । डढैंलो नियन्त्रणमा आउन नसके वन समूह,नजिकको वन कार्यालय वा सुरक्षा निकायमा तुरुन्तै खबर गरौं ।

डिभिजन वन कार्यालय, मकवानपुर

सम्पादकीय

वन डढेलो नियन्त्रण

वन डढेलो र त्यसबाट हुने आगलागीको समस्या नेपालमा विकराल बन्दै गएको छ । गर्मी मौसम सुरु भएसँगै सुरु हुने वन डढेलो सुख्खा बढ्दै जाँदा भयावह हुने गरेको छ । यस वर्ष गर्मी सुरु भएपछि लामो समयसम्म पानी नपरेर मौसम सुख्खा हुँदै गएपछि वन डढेलोको घटना वृद्धि भइरहेको छ । गर्मी महिनाको सुरुवातबाट वनजंगलका बोटविरुवाका पात झर्छन् । चर्को घाम लाग्ने भएकाले रुखबाट झरेका पातमात्र नभई जमिनमा रहेका घाँस पनि सुक्छन् । यही समयमा पानी नपरेर जमिन सुख्खा हुन्छ र हावाहुरी पनि चल्दछ । यस्तो अवस्थामा वनजंगलमा सल्केको डढेलो फैलिएर घर गोठमा समेत आगलागी हुने गर्दछ । वनजंगलमा लाग्ने डढेलोले साना बोटविरुवामात्र नभई जंगली जनावरलाई पनि नकारात्मक असर पार्दछ । डढेलो अनियन्त्रित भई घरगोठमा आगलागी हुँदा मानिस तथा पशु चौपायाको ज्यान जानुका साथै काठपात, अन्न तथा अन्य भौतिक सामान जलेर नष्ट हुन्छ । वन डढेलो र आगलागीले वायु प्रदूषण वृद्धि भएर मानव स्वास्थ्यमा नकारात्मक असरसमेत पर्दछ ।

मकवानपुर जिल्ला पनि वन डढेलोको प्रकोपबाट उच्च प्रभावित हुने जिल्लामा पर्दछ । मकवानपुर जिल्लाको २ लाख ४४ हजार ३ सय ३६ हेक्टर क्षेत्रफलमध्ये १ लाख ६६ हजार ५ सय ३३ हेक्टर वन क्षेत्रले ओगटेको छ । जिल्लाको कुल क्षेत्रफलको ६८ प्रतिशतभन्दा बढी वनजंगल रहेका कारण यो जिल्ला डढेलोको उच्च जोखिममा पर्दछ । चैत मसान्तसम्म ४ हजार हेक्टरभन्दा बढी वन क्षेत्रमा डढेलो लागेको डिभिजन वन कार्यालय मकवानपुरको तथ्यांक भए पनि वैशाख सुरु भएपछि वन डढेलोको घटना व्यापक वृद्धि हुँदा धेरै वन क्षेत्र डढेलोको चपेटामा परिसकेका छन् । सोमबार र मंगलबार दुई दिनमा मकवानपुर जिल्लाका विभिन्न ५ ठाउँमा डढेलोका कारण आगलागी भएको छ । घर गोठमा आगलागी हुँदा करिब १८ लाख रुपैयाँ बराबरको क्षति भएको छ । जिल्लाको बागमती गाउँपालिका-७ को पशुपति सामुदायिक वन, बकैया गाउँपालिका-१० को देउबुजे पाखा, मकवानपुरगढी गाउँपालिलका-६, घोप्टे गाउँको सामुदायिक वन, मनहरी गाउँपालिका-१, घैयाडाँडा तथा हेटौंडा उपमहानगरपालिका-९ को सिमेन्ट उद्योग परिसरमा लागेको डढेलोबाट धेरै स्थानीयको घर तथा गोठमा आगलागी भएको हो ।

सुख्खायाममा मानवीय कारणले नै धेरैजसो वन डढेलो लाग्ने गरेको छ । वनमा डढेलो लगाउँदा घाँस र बुट्यान राम्रोसँग पलाउँछ भन्ने मानसिकताले लगाइने डढेलो अनियन्त्रित भई आगलागीबाट ठूलो क्षति पुऱ्याएका घटना प्रशस्तै छन् । करिब एक साताअघि गुल्मी, अर्घाखाँचीलगायत जिल्लामा डढेलो अनियन्त्रित भई आगलागी हुँदा सयौं घरगोठ जलेर नष्ट भएको छ । राष्ट्रिय विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन प्राधिकरणका अनुसार बुधबार देशका ३९ जिल्लाका एक सय ६५ स्थानमा वन डढेलो लागिरहेको छ । तत्कालै वर्षा हुने सम्भावना नभएकाले वन डढेलो बढ्दै जाने निश्चित छ । नेपालमा ६४ प्रतिशत वन डढेलो व्यक्तिले जानीजानी लगाउने, ३२ प्रतिशत लापरवाही तथा दुर्घटनाबाट हुने र चार प्रतिशत अन्य स्रोतबाट हुने सरकारी तथ्यांक छ ।

नेपालमा वन डढेलो र त्यसबाट हुने आगलागीका घटना वर्षेनि दोहोरिँदा पनि नियन्त्रणका प्रभावकारी उपाय अपनाउन सकिएको छैन । धेरैजसो वन डढेलोको घटना फागुनको मध्यदेखि जेठको मध्यसम्म हुने गर्छ । त्यसमध्ये पनि चैत र बैशाखमा डढेलोको घटना बढी हुने गर्दछ । वनको दिगो व्यवस्थापन हुन नसक्दा वन डढेलोको घटना पनि बढिरहेको निश्चित छ । वन डढेलो नियन्त्रणको सबैभन्दा उत्तम उपाय जनचेतना वृद्धि गर्ने नै हो । तर, डढेलो नियन्त्रणका लागि डिभिजन वन कार्यालयहरुले जनचेतनामूलक कार्यक्रम गर्ने गरेको भए पनि निष्प्रभावी बनिरहेको छ । मानवीय गतिविधिका कारण हुने वन डढेलो रोक्न कतै-कतै सिसी क्यामरा जडान कार्यसमेत सुरु गरिनुलाई सकारात्मक सुरुवात मान्नुपर्छ । यसले वन डढेलो लगाउने मानिसको पहिचान गरी कानुनी कारबाहीको दायरामा ल्याउन सहयोग पुग्नुका साथै वन डढेलोबारे समयमै जानकारी हासिल गर्न सहज हुनेछ । डढेलो नियन्त्रणका लागि वन क्षेत्रमा अग्निरेखा बनाउने र सम्भव भएका ठाउँमा नियन्त्रित डढेलो लगाएर पनि डढेलो नियन्त्रण गर्न सकिन्छ ।

महत्वपूर्ण फोन नम्बरहरु

जिल्ला प्रशासन कार्यालय	५२०४९५	चित्लाङ इलाका	६२१०००
जिल्ला प्रहरी कन्ट्रोल	१००	वारुण यन्त्र	१०१
ट्राफिक प्रहरी	१०३	बालबालिका खोजतलास केन्द्र	१०४
वडा प्रहरी	५२०२९९	बाल हेल्पलाइन	१०९८
पशुपतिनगर इलाका	५२०५९८	हेलो सरकार	११११
मनहरी इलाका	९८५५०९०१६१	नेपाल टेलिकम सोधपुछ	१९७
भीमफेदी इलाका	६९१४६२	एम्बुलेन्स	१०२
पालुङ इलाका	६२०४६७	नेपाल विद्युत प्राधिकरण गुनासो	११५०
फापरबारी इलाका	६२१९८०		

तपाईंको राशिफल

पं. ज्योतिषः तोयानाथ सुवेदी
ॐ तुलसी मेडिकल हल, हेटौंडा-८, कमाने
सम्पर्क : ९७४५०२८५५५

मेष : अध्ययन–अध्यापनका कामहरु रहलान् ।
वृष : साहित्यिक क्रियाकलापमा समय व्यतित होला ।
मिथुन : लेखाइ–पढाइ मध्यमकारक रहने समय छ ।
कर्कट : मन कल्पना र भावनामा रमाउने समय छ ।
सिंह : असमझदारीले काममा आघात आइपर्ने समय छ ।
कन्या : धार्मिक कृत्यमा सरिक भइने समय योग छ ।
तुला : धन–मान र प्रतिष्ठामा वृद्धि हुने समय योग छ ।
वृश्चिक : धार्मिक कृत्यमा सरिक भइने समय योग छ ।
धनु : विश्वासको संकट आइपर्ने समय योग छ ।
मकर : व्यापार–व्यवसाय मध्यमकारक रहने समय योग छ ।
कुम्भ : दायित्व र जिम्मेवारी थपिने योग छ ।
मीन : पढाई–लेखाई मध्यमकारक रहने समय योग छ ।

वनै खायो डढेलोले, तनै खायो प्रदूषित हावाले

केशवकुमार मलाशी

वैशाख महिना नयाँ पालुवा आउँदै हरियालीको वहारसँगै वसन्त ऋृतुको आगमन भएको छ । तर काठमाडौंलाई कर्मभूमि बनाएर बसेको मान्छे म, एक्कासी आँखा पोलेको अनुभव भयो । शरीरको छाला पिर्पिरायो । नाक अनायासै खिर्खिरायो । झल्यास्स सम्झें, हालसालै काठमाडौं विश्वकै पहिलो प्रदूषित शहर फेरि पो बन्यो कि ? समाचारका हेडलाइन हेरेको, हो रहेछ। पढें, 'देशै खायो वन डढेलोले ।'

झट्ट याद आयो, एउटा सदावहार गीत 'वनै खायो डढेलोले, मनै खायो पापी मायाले ।'

पापी माया भन्दा पनि अवस्था हेर्दा देशको माया सोच्नुपर्ने पो भयो। बिहानपछि बढ्दै जाने टन्टलापुर घाममा आगोको ज्वाला खासै त देखिंदैन, तर राति भने वरिपरिका जंगलभरि डढेलोले छोपेको, राप उर्लेको स्थिति कहालीलाग्दो छ– त्यहाँ रहेका रुख, बिरुवा, चराचुरुङ्गी, जीव-जनावर आदिको सर्वनाश क्षणभरमा भयो होला कि भनेर। हालसालै डोल्पाको दुनैस्थित सामुदायिक वनमा लागेको आगो निभाउँदा तीन जनाको ज्यान गएको दुःखद् खबर थाहै छ।

बर्सेनि सुक्खा गर्मीयामको यो समयमा नेपालमा डढेलोका घटनाहरु बढिरहेका छन् । सरकारी विपद् प्रणालीमा हेर्दा नेपालको नक्सा आगोले रातै देखिन्छ । करिब २ हजार वटा भन्दा बढी डढेलोका घटना भइसक्यो। लामो समय वर्षा नहुँदा 'पीक सिजन' मध्य वैशाख नआउँदै देशका विभिन्न क्षेत्रमा डढेलो बढी व्यापक बन्दै गएको छ।

डढेलो, वन डढेलो वा जङ्गलको आगो जे भने पनि अनियोजित, अनावश्यक, अनियन्त्रित आगो नै हो। डढेलो प्राकृतिक तवरले होस् वा मानवीय लापरबाही तथा असावधानीले भएको होस्, विनाश विकराल हुन्छ । विज्ञहरुका अनुसार डढेलोका घटनामध्ये ९६ प्रतिशत मानवीय र १ प्रतिशत प्राकृतिक कारण हुन्छ । यसले तपाईं हामी सृष्टिचक्रलाई नोक्सान गर्न कति लाग्दा रहेछौं भन्ने देखाउँछ।

संयुक्त राष्ट्र पर्यावरण कार्यक्रम यूएनईपीले सन् २०३० सम्म १२ प्रतिशत-सन् २०५० सम्ममा ३० प्रतिशत र यस शताब्दीको अन्त्यतिर ५० प्रतिशत डढेलो बढ्ने आकलन गरेको छ। साथै अस्ट्रेलियाको मोनास विश्वविद्यालयले गरेको एक अध्ययनले जलवायु परिवर्तनले इन्धन, अक्सिजन र आगोका स्रोतलाई मद्दत पुगिरहेको उल्लेख छ । हामी विवेकशील सामाजिक प्राणी भनेर चिनिएका मानवजाति आफैंले गरेको अध्ययन अनुसन्धानको अवस्था बुझ्छौं कि बुझ्दैनौं होला ?

डढेलोका कारण वातावरणीय, सामाजिक, आर्थिक, विकास क्षेत्रमा पुग्ने क्षतिको मूल्याङ्कन मापन गर्नै सकिंदैन । डढेलोले मच्चाएको आतंक अहिले स्थानीयदेखि राष्ट्रिय तहसम्मका सञ्चारमाध्यममा सार्वजनिक बहसको विषय भएर आइरहेको छ ।

हो, बेलाबेलामा यस्तै विपद्ले विकराल रुप लिने गर्छ र ठूलो क्षति पनि गराउँछ। तर सरकारले डढेलो पनि मुख्य विपद् हो भन्ने सम्झेर नियन्त्रणका लागि दीर्घकालीन तयारी ऐन नीति नियममै केवल कागजमा सीमित देखिन्छन् ।

नेपालको संविधानको अनुसूची ९ मा वन-जङ्गलसँगै विपद् व्यवस्थापन संघ, प्रदेश र स्थानीय सरकारको साझा अधिकारको रुपमा छ। तर, डढेलो कसरी नियन्त्रण गर्ने भन्ने स्पष्ट नीति नै छैन। तीन सरकारबीच कार्यक्षेत्रको अन्योलले डढेलो नियन्त्रणमा असर देखिएको छ।

वन ऐन २०७६ ले वन क्षेत्रमा डढेलोका कुनै पनि गतिविधिलाई निषेध गरेको छ। वनमा डढेलो लगाउने व्यक्तिलाई तीन वर्षसम्म जेल सजाय वा ६० हजार रुपैयाँसम्म जरिवाना वा दुवै सजाय हुनसक्ने कानुनी प्रावधान पनि छ तर पूर्ण पालना छैन । २०६७ सालमा वन तथा भूसंरक्षण मन्त्रालयले 'डढेलो व्यवस्थापन रणनीति- २०६७' ल्याएको थियो । तर, कार्यान्वयन पक्ष अझै फितलो देखिन्छ ।

अर्कातर्फ वन विवाद र निष्क्रिय उपभोक्ताका कारण पनि डढेलोका घटना दिनानुदिन बढेका छन्। सरकारले वैज्ञानिक वन व्यवस्थापनको नाममा वन फडानी भएको भन्दै 'वैज्ञानिक वन व्यवस्थापन निर्देशिका, २०७१' खारेज गर्दा आफैंले संरक्षण गरेको वनबाट वन पैदावार उपभोग गर्न नपाएपछि उपभोक्ताले केका लागि संरक्षण गर्ने भनेर उपभोक्ताको अपनत्व घटेको र डढेलो नियन्त्रणमा कमी पो आएको हो कि ?

आधुनिक प्रविधियुक्त अग्नि नियन्त्रण दस्ता आफैंसँग हुनुपर्नेमा हामी वाह ! कति राम्रो व्यवस्थापन भन्दै विदेशका अग्नि सुरक्षा गरेका भिडियो हेर्नमै रमाएका छौं। यता स्थानीय निकायहरुमा सामान्य वारुणयन्त्रहरु छैनन्। डढेलो नियन्त्रणका लागि वन तथा वातावरण मन्त्रालयभन्दा विपद् व्यवस्थापन प्राधिकरण बढी जिम्मेवार रहेको मन्त्रालयले बताउने अनि वनको व्यवस्थापनको अधिकार प्रदेशमा रहेको भन्दै प्रदेश सरकारको निर्देशनमा डढेलो नियन्त्रणको काम हुनुपर्नेमा आपसी अन्योल छ।

धेरथोर कनिका छरे जस्तो बजेट पनि कर्मकाण्डी मात्र भएका छन् । वन कार्यालयहरुमा साधनस्रोतकै कमी देखिन्छ। एकीकृत व्यवस्थापन प्रणाली र जिम्मेवार निकाय नहुँदा नतिजामुखी देखिंदैनन् । हालै मात्र नेपाल वन प्राविधिक संघले वन डढेलो संकट घोषणा गर्न सरकार

....बाँकी पृष्ठ ३ मा

होटलको २० खर्ब लगानी र उद्योगको मान्यता

निनाम लोवाती

नेपाली होटलमा हालसम्म लगभग २० खर्ब नेपाली रुपैयाँबराबरको लगानी भएको छ। गत आर्थिक वर्ष (२०७९-०८० मा) मात्रै नेपाली होटल क्षेत्र (उद्योग) मा २० अर्बभन्दा बढी लगानी भएको छ। झन्डै एक दर्जन नयाँ होटल र रिसोर्ट गत आर्थिक वर्षमा मात्रै सञ्चालनमा आएका छन्।

जे होस्, नेपाली होटलका सम्बन्धमा कुरो गर्दा यस वर्ष मात्रै नेपालमा १७ वटा पाँचतारे होटल थपिंदै छन्। त्यसरी नेपालमा खुल्ने अधिकांश नयाँ पाँचतारे होटलको व्यवस्थापन विदेशी (चेन) होटलले सम्हाल्ने पनि समाचारमा जनाइएको छ। अब नेपालमा नयाँ थपिएका पाँचतारे होटल र पहिलेदेखि नै सञ्चालन हुँदै आएका पाँचतारे होटल गरेर ३६ वटा पाँचतारे होटलको संख्या पुग्नेछ । साथै, ती ३६ वटा पाँचतारे होटलको बेड संख्या ५ हजार २ सय ३४ वटा पुग्नेछ।

यसरी थपिएका पाँचतारे होटल र होटलको बेड संख्याले नेपाल भ्रमण गर्न आउने विदेशी पर्यटक, जो 'लक्जरी' तथा 'डिलक्स' सेवा सुविधा उपभोग चाहन्छन्, त्यस्ता विदेशी पर्यटकका लागि प्रशस्त बेड संख्या र सेवा-सुविधा उपलब्ध हुने देखिन्छ। त्यसो त विश्वले होटलका साथै समग्र पर्यटन क्षेत्रलाई 'धूवाँरहित उद्योग'को मान्यता दिएको छ। अथवा भनौं विश्वमा समग्र पर्यटन उद्योगलाई 'धूवाँरहित उद्योग' भनेर चिन्ने गरिन्छ। सामान्यतया पर्यटन उद्योग भन्नाले होटल, मोटेल स्मरणीय छ, नेपालमा हालसम्म मोटेल नभएको जस्तो लाग्छ, यो पंक्तिकारलाई।

त्यस्तै गरेर कटेज, रिसोर्ट, गेस्ट हाउस, लज, होम स्टेका साथै पदयात्रा, पर्वतारोहण, जलयात्रा, जमेको हिउँ जो नीलो ढिक्का चढ्ने (आइस क्लाइम्बिङ गर्ने), निकुञ्ज पर्यटन, बन्जी जम्पिङ, क्यानोइङ, स्की खेल, बर्ड वाचिङ, फिसिङ, सिकार पर्यटन, हट एयर बेलुनिङ, जिप फ्लायर, चट्टान आरोहण, स्काई वाक, कायाकिङ, साइक्लिङ, जंगल सफारी, मोटर ड्राइभिङ, बाइकिङ, हाइकिङ, स्काई डाइभ, माउन्टेन फ्लाइट, कल्चरल टुर, मेडिकल टुर, ध्यान पर्यटन, योग र योगा पर्यटन, गाउँ अवलोकन भ्रमण, एकल जातीय बस्ती भएको गाउँको भ्रमण, प्राचीन सहरहरु, स्मारक, किल्ला, सांस्कृतिक सम्पदा, युद्धस्थलको भ्रमण, पुतली अवलोकन, जंगली जनावरहरुको अवलोकन आदिलाई बुझिन्छ।

जे भए तापनि नेपालको पर्यटनको भविष्यलाई दृष्टिगत गरेर नै हुनुपर्छ, पर्यटनको मेरुदण्डका रुपमा रहेको पाँचतारे, चारतारे, तीनतारे, दुईतारे, एकतारे तथा पर्यटकस्तरीय होटल, कटेज, रिसोर्ट, गेस्ट हाउस, लज, होमस्टे बन्ने र थपिने क्रम देशव्यापी रूपमा बढ्दो क्रममा रहेको छ। कुनै पनि मान्छे आफ्नो देश छाडेर दोस्रो देश जानेबित्तिकै वा आफ्नो घर छाडेर अन्यत्र जानेबित्तिकै सबैभन्दा पहिले बस्ने व्यवस्था हुनु जरुरी हुन्छ। त्यसपछि मात्रै उसले के खाने, के पिउने भन्ने चिन्ता गर्छ वा खाने-पिउनेको व्यवस्था गर्छ। अथवा कुनै पनि मान्छेले आफ्नै देशमा पनि आफ्नो घर छाडेर २४ घण्टा वा एक रात बिताउने गरी दोस्रो ठाउँ जानेबित्तिकै उसलाई सबैभन्दा पहिले बस्ने व्यवस्थाकै आवश्यकता पर्छ।

यस्तो खालको भ्रमणमा निक्लने मान्छेलाई नै पर्यटक मान्ने गरिन्छ। अर्को महत्वपूर्ण कुरो के भने जसले आफ्नो घर वा देश छाडेर एक रात एक दिन (२४ घण्टा) बाहिर गएर बिताउँछ, उसलाई पर्यटक (आन्तरिक र बाह्य पर्यटक) मान्ने भन्ने संयुक्त राष्ट्रसंघसँगको मातहत रहेको 'विश्व पर्यटन संगठन' (युएन-डब्लुटिओ) को मान्यता वा भनौं परिभाषा रहेको छ। त्यसरी हेर्दा त कहिलेकाहीं भारतीय सीमा क्षेत्रको होटल वा लजमा बसेर दिउँसो एकैछिन नेपाल घुमेर बास बस्न भारततिरै जाने विदेशी (विशेषतः बौद्ध धर्मावलम्बीहरू) पर्यटकहरूलाई हामीले पर्यटक मान्ने कि नमान्ने ? खास गरी हाल भगवान् मानिएको र बुद्ध धर्मका प्रवर्द्धक मानिएका गौतम बुद्धको जन्मस्थल लुम्बिनीमा घुम्न एकछिन नेपाल आउने र सोही दिन भारततिरै फर्किने विदेशी पर्यटकहरूलाई हामीले पर्यटकको सूचीमा राख्ने कि नराख्ने ? यसबारेमा हामीले गम्भीर भएर सोच्ने दिन पनि आइसकेको छ।

जे भए तापनि समग्र नेपालको पर्यटन उद्योगको पनि विशेषतः होटल क्षेत्रको कुरो गर्दा (कोभिड-१९) को महामारीअघि दिन दुई गुणा रात चौगुणाले उन्नति वा भनौं प्रगति भइरहेको थियो। तर पनि (कोभिड-१९) पछि सन् २०२२ र सन् २०२३ मा भने नेपालमा पर्यटनले अपेक्षा गरेभन्दा राम्रो प्रगति गऱ्यो। किनभने (कोभिड-१९) पछि, सन् २०२३ मा १० लाख १४ हजार ८ सय ७६ जना विदेशी पर्यटकले नेपाल भ्रमण गरेको तथ्यांक हालै प्रकाशित भएको छ। त्यसो त नेपाली होटल क्षेत्रको कुरो गर्दा लगभग पाँच वर्षअघि आएको समाचारअनुसार नेपाली होटल उद्योगमा लगभग ११ खर्ब लगानी भइसकेको थियो। त्यसका आधारमा हेर्दा हाल १८-१९ खर्बभन्दा बढी नेपाली होटल उद्योगमा लगानी भइसकेको हुनुपर्छ। हुन पनि काठमाडौंबाहिर मात्रै १३ वटा पाँचतारे होटल खुलिसकेको छ।

त्यस्तै गरेर सन् २०१८ मा भारतीय प्रधानमन्त्री नरेन्द्र मोदीले पहिलो पटक मुस्ताङ जिल्लामा रहेको हिन्दूहरूको प्रसिद्ध तीर्थस्थल मुक्तिनाथ बाबा धामको भ्रमण गरेका थिए। त्यसरी भारतीय प्रधानमन्त्री नरेन्द्र मोदीले मुस्ताङ जिल्लामा रहेको हिन्दू धर्मावलम्बीहरूको प्रसिद्ध तीर्थस्थल मुक्तिनाथ बाबा धामको भ्रमण गरेपछि हिन्दूहरूको प्रसिद्ध तीर्थस्थल मुक्तिनाथ क्षेत्रमा भ्रमण गर्न आउने भारतीय पर्यटकहरूको घुइँचो सोचेभन्दा बढी नै लाग्न थालेको थियो।

तर, कोरोना महामारीसँगै सो क्रम पनि रोकियो। तर, अब हामीले फेरि पनि आगामी वर्षहरूमा भारतीय पर्यटकहरूको त्यो घुइँचो कायम हुनेछ भन्ने आशा गरौं। हो, त्यसरी भारतीयलगायत अन्य देशका पर्यटकहरूको चाप बढ्न थालेपछि त्यो बेला नै मुस्ताङ जिल्लाको मुक्तिनाथलगायत माथिल्लो मुस्ताङ क्षेत्रमा नयाँ होटल बन्ने, खुल्ने क्रम बढ्दो क्रममा रहेको थियो। अलि पुरानो समाचारअनुसार (वि.सं. २०७६ साउनमा रातोपाटी अनलाइन पोर्टलमा छापिएको समाचारमा उल्लेख भएको) एक तथ्यांकअनुसार सन् २०१५ मा मुक्तिनाथ क्षेत्र वरिपरि केवल १५ वटा पर्यटकस्तरीय होटल थिए। अहिले मुक्तिनाथ क्षेत्र र वरिपरि पर्यटकस्तरीय होटलको संख्या बढेर २६-२७ वटा पुगेको छ।

अहिलेको अवस्थामा होटल क्षेत्रमा लगानी गरेका लगानीकर्ताहरूले निश्चय नै नाफा कमाउने अवस्था छैन। उनीहरूले जानी-बुझीकन पनि नेपालको पर्यटनको भविष्य हेरेर नै होटल क्षेत्रमा लगानी गरिरहेका छन् भन्ने बुझ्न गाह्रो छैन। किनभने अहिलेको अवस्थामा नाफा कामउनु त कता हो कता सञ्चालन खर्चसमेत उठाउन कठिन पर्ने देखिन्छ। त्यसो भए तापनि धेरैले आफ्नो पकेटमा छेलोखेलो पैसा भएर भन्दा पनि बैंक तथा वित्त कम्पनीहरूसँग ऋण लिएर लगानी गरेका छन्।

त्यसैले अन्तिममा भन्नुपर्दा नेपाल सरकारले नेपाल उद्योग महासंघअन्तर्गतको पर्यटन तथा हवाई यातायात समितिको प्रतिनिधिहरूले हालै राखेको (विगतमा पनि पटकपटक राख्दै आएको) माग जुन छ, होटल-व्यवसायलाई राष्ट्रिय प्राथमिकतामा राखेर उद्योगको मान्यता दिनुपर्ने भन्ने माग, सो मागलाई जति सक्दो सरकारले छिटो सम्बोधन गरेदेखि धेरै राम्रो हुने र सकारात्मक सन्देश जाने देखिन्छ। अर्को भनेको काठमाडौं, ललितपुर, भक्तपुरलगायत सुविधा सम्पन्न सहर-बजार क्षेत्रमा 'होस्टेल' र 'होम स्टे' चलाउन दिनु हुँदैन भनी पाँचतारे, चारतारे, तीनतारे, दुईतारे, एकतारे होटलका साथै पर्यटकस्तरीय होटल, कटेज, रिसोर्ट, गेस्ट हाउस र लजका सञ्चालकहरुले लामो समयदेखि राख्दै आएको मागलाई पनि सरकारले सम्बोधन गर्नुपर्ने देखिन्छ।

(स्रोतः कारोबारदैनिक)

हास्यव्यङ्ग्य क्षेत्रका दुई जना श्रष्टा सम्मानित

हास्यव्यङ्ग्य क्षेत्रका मजगैया *र* अनिल पौडेललाई *सम्मान गरिँदै*

समाज संवाददाता

हेटौंडाः सिस्नुपानी नेपाल मकवानपुरको स्थापना दिवसको अवसरमा २ जना स्रष्टा सम्मानित हुनुभएको छ । संस्थाले बुधबार स्थापना दिवसको अवसरमा विभिन्न कार्यक्रमसहित २ जना स्रष्टा सम्मान गरेको हो ।

विगत ५ दशकदेखि हास्यव्यङ्ग्य विभिन्न विधामा कलम चलाउँदै साहित्यको क्षेत्रमा पुऱ्याएको योगदानको कदर गर्दै गणेश पौडेल हास्यव्यङ्ग्य स्मृति साहित्य सम्मान २०८० बाट दाङ जिल्लाका वरिष्ठ साहित्यकार उत्तमकृष्ण मजगैयालाई सम्मान गरिएको छ । गौरव पौडेलले स्थापना गर्नुभएको पुरस्कारबाट २५ हजार एक रुपैयाँ नगद राशि र सम्मानपत्र मजगैयालाई प्रदान गरिएको छ ।

यस्तै, हास्यव्यङ्ग्य साहित्य श्रीवृद्धिमा पुऱ्याएको योगदानको उच्च मूल्यांकन गर्दै आरसी रिजाल हास्यव्यङ्ग्य साहित्य सम्मान २०८० बाट मोरङ जिल्लाका साहित्यकार अनिल पौडेललाई सम्मान गरिएको छ । रिजालले स्थापना गर्नुभएको पहिलो सम्मानबाट साहित्य क्षेत्रमा क्रियाशील रहेका साहित्यकार पौडेललाई १५ हजार रुपैयाँ नगद र सम्मानपत्रसहित सम्मानित गरिएको छ । यस्तै, साहित्य क्षेत्रमा विभिन्न माध्यमबाट सहयोग गर्ने सहयोगी दताहरुलाई पनि सम्मानपत्रसहित सम्मान गरिएको छ ।

सम्मानपछि मजगैयाले संस्थाले विभिन्न क्षेत्रका साहित्यकारहरुलाई प्रोत्साहन गर्ने उद्देश्यले पुरस्कारको स्थापना गरेकोमा खुशी व्यक्त गर्नुभयो । विभिन्न हास्यव्यङ्ग्य कविताको माध्यमले मानिसहरुलाई सकारात्मक पाटोमा ल्याउन मद्दत गर्ने उहाँले बताउनुभयो । हास्यव्यङ्ग्य एउटा गम्भीर साहित्य भएकाले यसको माध्यमबाट पनि मानिसहरुले धेरै कुराहरु सिक्न सक्ने उहाँले दावी गर्नुभएको छ । २०२५ सालमा स्थापना भएको सिस्नुपानी नेपालले साहित्य क्षेत्रको विकास गर्ने काममा कहिल्यै पछाडि नपरेको उहाँले धारणा राख्नुभयो ।

अर्का सम्मानित व्यक्ति पौडेलले बाहिर जिल्लाबाट बोलाएर सम्मान गरेकोले आफू हर्षित भएको बताउनुभएको छ । उहाँले सम्मानपछि लोकसेवा फेल र पुरस्कार शीर्षकको हास्यव्यङ्ग्य कविता वाचन गर्नुभएको हो । कार्यक्रमका प्रमुख अतिथि सिस्नुपानी नेपालका अध्यक्ष लक्ष्मण गाम्नागेले ऊर्जाका साथ स्थापना कालदेखि नै साहित्यको विकास गरिरहेको बताउनुभएको छ । उहाँले अन्तिम चरणमा लेखेको राष्ट्रिय शीर्षकमा हास्यव्यङ्ग्य कविता वाचन गर्नुभएको हो ।

कार्यक्रमका सभाध्यक्ष सिस्नुपानी नेपाल मकवानपुरका अध्यक्ष राजकुमार लामिछानेले कार्यक्रममा सहभागी हुने सम्पूर्णमा धन्यवाद व्यक्त गर्नुभएको छ । कार्यक्रममा सुवास सजल, भवानी तिमल्सिना, ओमभक्त भण्डारी, देवराज तिवारी र किशन पौडेलले मुक्तक वाचन गर्नुभएको छ । यस्तै, स्वस्तिक दहाल, सागर तिमल्सिना, प्रलय चौलागाईं, अजर फुयालले प्यारोडी गायन प्रस्तुतिकरण गर्नुभएको थियो । हेटौंडा उपमहानगरपालिका ४ नम्बर वडाका वडा अध्यक्ष नवीन सिग्देलले स्थानीय निकायले साहित्य, भाषा, कला, शिक्षा क्षेत्रमा लगानी बढाउनुपर्ने र समय दिनुपर्ने बताउनुभयो ।

कार्यक्रममा संस्थाकी कोषाध्यक्ष सुभद्रा हुमागाईंले स्वागत मन्तव्य राख्नुभएको थियो । कार्यक्रममा सर्जक सञ्जाल मकवानपुरका संयोजक निमेष निखिल, नेपाल प्रज्ञा प्रतिष्ठान विभागका सदस्य शान्ति प्रियबन्दनालगायतको उपस्थिति रहेको थियो ।

१३५ औं अन्तर्राष्ट्रिय मजदुर दिवसको अवसरमा बुधबार हेटौँडामा जिफन्टले निकालेको ऱ्यालीमा सहभागीहरु । ऱ्याली बुद्धचोकमा पुगे सभामा परिणत भएको थियो ।

'बालविवाह गर्नेलाई नाबालिग बलात्कारमा सजाय गर्नु अनुचित'

काठमाडौँः सर्वोच्च अदालतले बालविवाह गर्ने किशोरकिशोरीहरूलाई बलात्कारको मुद्दामा सजाय गर्नु उचित नहुने भनी व्याख्या गरेको छ । प्रेम सम्बन्धपछि नाबालिगलाई विवाह गरेका एक किशोरविरुद्ध परेको बलात्कार मुद्दामा सर्वोच्च अदालतले बलात्कारको साटो वैवाहिक बलात्कारमा सजाय हुने फैसला सुनाएको हो ।

न्यायाधीशहरू प्रकाशमान सिंह राउत र कुमार रेग्मीको इजलासले 'किशोर किशोरीको प्रेम, त्यसपछिको विवाह र बलात्कारको मुद्दा परेको अवस्थामा सबै परिस्थितिको विचार नगरी आरोपीलाई कठोर सजाय गर्दा कानूनको उद्देश्य पूरा नहुने' औंल्याएको हो । मंगलबार सर्वोच्च अदालतले सार्वजनिक गरेको फैसलामा भनिएको छ, 'समान उमेर समूहका र केही निश्चित उमेरको अन्तरालमा मात्रै भएका बालबालिकाबीचको प्रेम सम्बन्ध र यौन चाहनाका कारण शारीरिक सम्पर्क हुने अवस्थालाई कानूनको यन्त्रवत व्याख्या गरी बालबालिकालाई सजाय निर्धारण गर्न नहुने ।'

पाँचथरका चेतन लावतीले किशोरी सेलिना लिम्बु (अदालतले राखेको सांकेतिक नाम) सँग ३ वर्षदेखि प्रेम गरेका थिए । उनीहरूले आपसी सल्लाह गरी चैत २०६६ मा भागेर लिम्बु संस्कार अनुसार विवाह गरे । केही दिन घरमा बसेर सेलिना माइतीमा गइन् । छोरी माइतीमा फर्केको मौकामा बाबुले ज्वाइँ चेतनविरुद्ध आफ्नी नाबालिग छोरीलाई बलात्कार गरेको भनी प्रहरीमा जाहेरी दिए । प्रहरीले १४ वर्षीया किशोरीलाई बलात्कार गरेको भनी चेतन लावतीविरुद्ध बलात्कार मुद्दा चलायो ।

अदालतमा बयान दिंदै चेतनले आफूले किशोरीसँग विवाह गरे पनि शारीरिक सम्पर्क नभएको दाबी गरे । किशोरीले त्यसको खण्डन गरेर आफूहरूबीच नियमित रूपमा शारीरिक सम्पर्क भएको बयान गरिन् । पाँचथर जिल्ला अदालतले चेतन लावतीलाई 'केटाकेटीको मञ्जुरीले बिहे भएको' भनी बलात्कारको आरोपबाट सफाइ दियो । उमेर नपुगेकी केटी बिहे गरेको भनी चेतन लावतीलाई १० हजार जरिवाना हुने फैसला सुनायो ।

पुनरावेदन अदालत इलामले जिल्ला अदालतको फैसला उल्ट्याउँदै बलात्कार भएको ठहर गऱ्यो र पीडितलाई ५० हजार रुपैयाँ क्षतिपूर्ति हुने फैसला गऱ्यो । पछि त्यो मुद्दा सर्वोच्च अदालतमा पुग्यो । सुरुमा मुद्दा दर्ता हुँदादेखि नै अदालतमा उनीहरूबीच विवाह दर्ताको प्रमाणपत्र पेस भएको थियो । पछि आपसी सम्बन्ध बिग्रिएपछि उनीहरूले सम्बन्ध विच्छेदको प्रक्रिया पनि अघि बढाइसकेका थिए ।

सर्वोच्च अदालतले चेतन लावतीले किशोरीलाई बलात्कार गर्ने उद्देश्यले ललाईफकाई घरमा लगेको नभई आपसी सहमतीमै विवाह गरेर घरमा लगेको भन्ने दाबीलाई स्वीकाऱ्यो । उनीहरूबीच लिम्बु धार्मिक परम्परा अनुसार विवाह गरेको भएपछि माइती र घरका परिवारबीचको सम्बन्ध कटुतापूर्ण सम्बन्धले उजुरी परेको औंल्यायो ।

सर्वोच्च अदालतले फैसलामा भनेको छ, 'पीडितलाई ललाई फकाई प्रेमजालमा पारी जबर्जस्ती करणी गर्नेसम्मको कसूर गरेको भन्ने वादी नेपाल सरकारको अभियोग दाबी ठोस र तथ्ययुक्त प्रमाणबाट खम्बीर (पुष्टि) हुन आएको नदेखिएको ।' सर्वोच्चले दुवैजनाले प्रेम सम्बन्धलाई वैवाहिक सम्बन्धमा परिणत गरेको ठहर गऱ्यो ।

मुलुकी ऐनमा १६ वर्षमुनिको किशोरीसँग अनुमतिमै शारीरिक सम्पर्क गरे पनि बलात्कार गरेको मानिने व्यवस्था थियो । २०७४ सालमा जारी भएको मुलुकी अपराध संहितामा १८ वर्षको उमेर हद राखिएको छ । सर्वोच्च अदालतले यौवन अवस्थामा प्रवेश गरेका बालबालिकामा प्राकृतिक र शारीरिक आवश्यकताले निम्त्याउने यौन चाहनाको मनोवैज्ञानिक पक्षलाई विचार गर्नुपर्ने भन्दै किशोरकिशोरीको प्रेम, त्यसपछिको विवाह र बलात्कारको मुद्दा परेकोमा सबै अवस्थाको विचार नगरी लावतीलाई कठोर सजाय गर्दा कानूनको उद्देश्य पूरा नहुने व्याख्या गऱ्यो । स्रोतः अनलाइनखबर ।

वनै खायो डढेलोले...

समक्ष माग गरेको छ तर सुनुवाइ अझै भएको छैन । केही गैरसरकारी संघसंस्था तथा नागरिक समाज लगायतबाट भएको प्रयास, पैरवी पनि अपर्याप्त नै छ ।

सरकारी उदासीनता, कानुनी अस्पष्टता, जलवायु परिवर्तन, रुढिवादी परम्परा, जनचेतनाको कमी, अशिक्षा, डढेलो नियन्त्रण सम्बन्धी स्रोत साधन नहुनु, नीति नियमहरु प्रभावकारी रुपमा कार्यान्वयन गर्न नसक्नुका कारण देशले दिनप्रति दिन डढेलोले वन विनाश तथा सार्वजनिक सम्पत्तिको हानिनोक्सानी व्यहोर्नु परेको छ ।

पहिले प्रत्येक टोलमा पोखरी खनिएका हुन्थे । सार्वजनिक स्थान र वन क्षेत्रमा पोखरी, तलाउ, कुण्ड बनाइएका हुन्थे जसबाट डढेलो निभाउन सजिलो हुन्थ्यो । हाल ती लोप हुँदा अप्ठेरो बढेको अवस्था छ । उहिले पुरानो पतझड नजलाएसम्म नयाँ पलाउन पाउँदैन भन्ने मान्यता थियो । खोला किनारमा माछा मार्न गएकाले खाना पकाउँदा आगो ननिभाउँदा, पिकनिक जाँदा जंगल झ्यासझुस जलाउँदा, कतिपयले बदमासी गरे दशा-ग्रह टर्छ भन्ने रुढिवाढीका कारण पनि डढेलो भएका छन् ।

तर पनि वनबाट डढेलो बस्तीमा आउन नदिन सुरक्षा घेरा समुदाय मिलेर बनाउँथे । अग्निरेखाहरु मर्मत गर्थे । पहिला ज्यानको सुरक्षा र त्यसपछि धनमालको सुरक्षा हुने गरी सामूहिक सोच हुन्थ्यो । तर अहिले मानिसको जीवनशैलीमा आएको परिवर्तनले पनि डढेलोका घटना बढाएको छ । विगतमा वनमा दाउरा र सुकेर झरेको पात सङ्कलनमा प्रतिस्पर्धा हुने भए पनि पछिल्लो समय सङ्कलन गर्न नै छोडिएको छ । दाउराको सट्टा गोबर ग्यास तथा एलपी ग्यासको प्रयोग हुन थालेको छ । यस्तै, गाउँबाट शहरमा बसाइँसराइ हुँदा खेतबारी बाँझिएको छ । हामी यस्ता विकल्पमै अभ्यस्त भयौं तर व्यवस्थापनमा चुकिरहेका छौं ।

डढेलो नियन्त्रणका लागि सुरक्षा निकाय, सामुदायिक वन, वन कर्मचारीहरु र स्थानीय समुदाय खटिरहेका पनि छन् । हामीसँग २२ हजार ६०० भन्दा बढी वन उपभोक्ता समिति छन् । समिति मार्फत अभियानकै रुपमा जनचेतना तीव्र गतिमा लैजानुपर्छ । अग्नि नियन्त्रणको पूर्व योजना बनाई वारुण यन्त्र सञ्चालनसँगै विशिष्टीकृत जनशक्ति, तालिम, सरसामग्री पूर्व तयारीमा राख्नुपर्छ । डढेलो न्यूनीकरण र नियन्त्रणका लागि पर्याप्त बजेट व्यवस्थापन गर्न सरकारी निकाय जाग्नुपर्छ ।

विडम्बना केसम्म छ भने, एकातिर आवश्यक सामग्री अभावमा उपभोक्ता, कर्मचारी र सुरक्षाकर्मीले स्याउलाको भरमा डढेलो नियन्त्रण प्रयास गर्ने गरेका छन् । अर्कातिर सरकारले हेलिकोप्टर प्रयोग गरेर डढेलो नियन्त्रण प्रयास गर्दै आएको भनेर यदाकदा समाचार आउँछन् । डढेलो नियन्त्रणमा खर्चिलो र झन्झटिलो हेलिकोप्टर प्रयोगभन्दा दक्ष जनशक्ति र अत्याधुनिक सामग्री आवश्यक पर्छ । जे गर्नुपर्ने त्यो नगरी धान्न नसकिने अभ्यास गर्नु राम्रो होइन ।

वन डढेलो नियन्त्रणमा आफैं सचेत र सजग भई प्राकृतिक स्रोत सबैको सम्पत्ति हो भन्ने आत्मबोध हुनुपर्छ । वन डढेलो साझा चुनौती हो र लाग्न नदिन साझा दायित्व पनि हो । वन डढेलोविरुद्ध ज्यान हत्केलामा राखेर लाग्दै आएका समुदाय, वनकर्मी, सुरक्षा निकाय, अभियानकर्मीलाई प्रोत्साहनको व्यवस्था गर्नु आवश्यक छ ।

सकारात्मक साझा अभियानले मात्र वन डढेलोको चुनौती सामना गर्न सकिन्छ । डढेलो नियन्त्रणका लागि समुदायमा जनचेतनामूलक कार्य सञ्चालन गर्न सकिन्छ । वन डढेलो लगाउने व्यक्तिलाई कडा कानुनी कारबाही गर्न निकाय हिच्किचाउनुहुँदैन ।

वन डढेलोबाट जैविक विविधतामा क्षति पुग्ने मात्र नभई डढेलोबाट निस्कने धुवाँको मुस्लोमा ग्यासहरूले वायुमण्डलमा रहेको ओजन तहमा क्षति पुग्न गई वायुमण्डलको तापक्रममा वृद्धि हुने मानिसहरुमा श्वास-प्रश्वास सम्बन्धी रोगहरू लाग्न सक्छन् । डढेलोका कारण उत्पन्न वायु प्रदूषणले विश्वमै नकारात्मक नाम पनि त कमाइसकेका छौं ।

वन डढेलो व्यवस्थापन कार्यक्रमहरू गर्न, वनहरुमा अग्निरेखा निर्माण तथा सरसफाइ, डढेलो नियन्त्रण टोली परिचालन, वन गस्ती, समुदायको महत्वपूर्ण भूमिका सँगै सरकारी, गैरसरकारी, केन्द्रीय, स्थानीय सबै निकाय बीच समन्वय हुनु आवश्यक छ। वन डढेलो नियन्त्रणका हकमा 'धेरै भान्छे भए बेलैमा खाना पाक्दैन' भने जस्तै भएकोले सबैको जिम्मेवारी किटान गर्दै अन्योल हटाउनुपर्छ ।

अन्यथा, डढेलोले पिरोलिरहनेछ । वनहरु जलिरहनेछन् । हामी मान्छे, बोटबिरुवा, पशुपन्छीको अस्तित्व सङ्कटमा पर्दै जानेछन् । यस्तै, वासस्थान नासिएपछि जङ्गली जनावरहरु बस्ती क्षेत्रमा पुग्दा मानव वन्यजन्तु द्वन्द्व अझ बढ्नेछ । नोक्सानी अथाह देखिनेछन् ।

वायु प्रदूषणले विभिन्न रोग निम्त्याउँदै फेरि पनि शरीर विषाक्त बन्दै म जस्तै सबैलाई छटपटी हुनेछ । गहिरो गरी सोचौं, बुझौं, वातावरण स्वच्छ रहे मात्रै सम्पूर्ण सजिव प्राणीको अस्तित्व सम्भव छ ।

(मलाशी वन वातावरण तथा विपद् व्यवस्थापनका क्षेत्रमा विषय विज्ञका रूपमा आबद्ध छन् । स्रोतः अनलाईखबर)

हेटौंडा रिफरेन्स ल्याबरोटरी
ELISA, CLIA तथा फुल्लि अटोमेटेड मेसिनद्वारा रगतको स्पेसल जाँचहरु गरिन्छ ।
Papcytology
-थाईराईड
-क्यान्सर
-रक्तअल्पता
-वाथरोग
-बाँझोपन
-भाइरस सम्बन्धी सम्पूर्ण परीक्षण गरिन्छ ।
साथै रगत, दिसा, पिसाब, पिप कल्चर समेत गरिन्छ ।
(HRL)
खुल्ने समयः विहान ७:00 बजेदेखि बेलुका ७:00 बजेसम्म
सञ्चालनको छोटो अवधिमै हाम्रो सेवालाई विश्वास गर्दै सेवा गर्ने अवसर दिनुहुने सम्पूर्ण सेवाग्राहीप्रति आभारसहित अब प्रत्येक महिनाको दोस्रो शनिबार सुगर जाँच निशुल्क र चौथो शनिबार थाइराइड जाँचमा ५0 प्रतिशत छुट हुने सहर्ष जानकारी गराउँदछौं ।
थप जानकारीको लागि HRL
हेटौंडा रिफरेन्स ल्याबरोटरी
हेटौंडा-१, भिन्तुनापथ सम्पर्क फोन नं.: ०५७-५२०४५७

मकवानपुर होटल एसोसिएसनको

जग्गा बिक्रीसम्बन्धी सूचना

तेस्रोपटक सूचना प्रकाशित मिति: २०८१/०१/२० गते

मकवानपुर होटल एसोसिएसनको नाममा रहेको हेटौंडा-७, न्युरेनीस्थित कित्ता नम्बर १२०५६ जग्गा विवरण ०-०-९.२५ धुर बिक्री गर्नुपर्ने भएकोले जग्गा खरिद गर्न चाहने व्यक्ति वा संघ, संस्थाले यो सूचना प्रकाशित भएको मितिले ७ (सात) दिनको कार्यालय समयभित्र सिलबन्दी दर प्रस्ताव गर्नुहुन यो सूचना प्रकाशित गरिएको छ

प्रस्तावना फारम यस संस्थाको कार्यालय हेटौंडा-११, थानाभऱ्याङ सिमलटारमा कार्यालय समयभित्र रु ५००/- बुझाई लिन सक्नुहनेछ ।

सम्पर्कः९८५५०-७१६३४/९८४५०-२५७०५

मकवानपुर होटल एसोसिएसन
हेटौंडा, मकवानपुर

सितु बचत तथा ऋण सहकारी संस्था लि.

हेटौँडा-१, भिन्तुनापथ

कर्मचारी आवश्यकता

यस सितु बचत तथा ऋण सहकारी संस्था लिमिटेडको मिति २०८१ बैशाख १० गते बसेको कार्यसमितिको बैठकको निर्णयअनुसार यस संस्थाका लागि एकजना सहायक व्यवस्थापक आवश्यक भएको हुँदा तपसील बमोजिम योग्यता पुगेका इच्छुक नेपाली नागरिकबाट मिति २०८१ बैशाख २६ गते कार्यालय समयभित्र संस्थाको कार्यालयमा व्यक्तिगत विवरणसहित रितपूर्वक निवेदन पेश गर्नुहुन यो सूचना प्रकाशित गरिएको छ ।

तपसील

पदः सहायक व्यवस्थापक
आवश्यक संख्याः १ (एक) जना
शैक्षिक योग्यताः कक्षा १२ उत्तीर्ण । व्यवस्थापन संकायमा माथिल्लो शैक्षिक योग्यताका उम्मेदवारलाई प्राथमिकता दिइनेछ ।
ग्राह्यताः सहकारीमा काम गरेको अनुभवी, कम्प्युटरमा धयचम, भहअर्भा सहित आवश्यक सफ्टवेयर चलाउन सक्ने । सवारी चालक अनुमतिपत्र भएको ।
छनोटको प्रक्रियाः लिखित तथा अन्तरवार्ता ।
तलब सुविधाः संस्थाको विनियमअनुसार तथा आपसी सहमतिमा तय गरिनेछ ।
करार सेवाः ६ महिना परीक्षणकाल रहनेछ ।
सम्पर्कः ०५७-५२४७०६

सचिव

अन्तरवडा भेट्रान्स फुटबल

वडा २ र १० सेमिफाइनलमा

समाज संवाददाता

हेटौंडाः हेटौंडामा जारी दोस्रो संस्करणको मोहन स्मृति ८ ए साइड रनिङशिल्ड भेट्रान्स फुटबल प्रतियोगितामा वडा नम्बर २ र १० सेमिफाइनलमा प्रवेश गरेको छ । हेटौंडा उपमहानगर पालिकाका विभिन्न वडाहरुको सहभागिता रहेको प्रतियोगिताअन्तर्गत् बुधबार भएको दुई खेलबाट वडा २ र १० सेमिफाइनल प्रवेश गरेको हो ।

हेटौंडा-९ स्थित लामसुरेको अद्योगिक फुटबल चौरमा भएको पहिलो खेलमा ६ नम्बर वडालाई १-० गोल अन्तरले हराउँदै २ नम्बर वडा सेमिफाइनल प्रवेश गरेको छ । २ नम्बरको जितमा अमृत थापाले निर्णायक गोल गरेका छन् । खेलको म्यान अफ द म्याच थापा नै घोषित भएका हुन् ।

बुधबार भएको दोस्रो खेलमा वडा-१० सेमिफाइनलमा प्रवेश गरेको छ । १३ नम्बर वडालाई ३-० गोल अन्तरले हराउँदै वडा नम्बर १० सेमिफाइनलमा प्रवेश गरेको हो । वडा नम्बर १० बाट सञ्जय थापा, अमित लामा र नवराज बज्राचार्यले एक-एक गोल गरेका हुन् । खेलको म्यान अफ द म्याच बज्राचार्य घोषित भएका छन् ।

आज बिहीबारको क्वाटरफाइनल खेलमा वडा ९ र वडा १५ बिच प्रतिस्पर्धा हुनेछ । लामसुरे खेलकुद विकास समितिको आयोजनामा शनिबारबाट सुरु भएको प्रतियोगितामा १४ वटा वडाहरुको सहभागिता रहेको छ । प्रतियोगिताको उपाधि विजेता टिमले एक लाख ११ हजार एक सय ११ रुपैयाँ र उपविजेता टिमले ६५ हजार ५ सय ५५ रुपैयाँसहित शिल्ड, मेडल र प्रमाणपत्र प्राप्त गर्नेछन् । सेमिफाइनलमा पराजित हुने दुईवटा टिमले १५-१५ हजार रुपैयाँ तथा प्रमाणपत्र प्राप्त गर्नेछन् । यस्तै, प्रतियोगिताको सर्वोकृष्ट खेलाडी, उत्कृष्ट गोलरक्षक तथा अन्य विधागत उत्कृष्ट खेलाडीहरुका लागि पनि ५-५ हजार रुपैयाँ नगद पुरस्कार व्यवस्था गरिएको छ । प्रतियोगिताको फाइनल खेल आउँदो शनिबार हुनेछ । प्रतियोगिता आयोजनाका लागि ९ नम्बर वडा कार्यालयले ५ लाख रुपैयाँ बजेट बिनियोजन गरेको छ ।

हेटौंडा उपमहानगरपालिकाले स्थानीय पाठ्यक्रम लागू गर्दै

समाज संवाददाता

हेटौंडाः हेटौंडा उपमहानगरपालिकाले चालु शैक्षिक सत्रबाट स्थानीय पाठ्यक्रम लागू गर्ने भएको छ । उपमहानगर पालिकाको सोमबार बसेको ४३ औं कार्यपालिका बैठकले चालु शैक्षिक सत्रबाट कक्षा ८ सम्म स्थानीय पाठ्यक्रम 'हाम्रो हेटौंडा' लागू गर्ने निर्णय गरेको हो ।

कार्यपालिका बैठकले अघिल्लो कार्यपालिका बैठकबाट भएका निर्णयहरुको कार्यान्वयनका सम्बन्धमा समीक्षा गरी प्रगतिको जानकारी गराएको थियो । बैठकले उपमहानगरपालिकालाई बालमैत्री स्थानीय शासनयुक्त पालिका घोषणा गर्ने क्रममा हालसम्म भएको प्रगतिको समीक्षा गर्दै वडा नम्बर ३ र १२ को बालबालिकाको लागि पञ्चवर्षीय आवधिक योजना २०८०/८१ देखि २०८४/८५ सम्म स्वीकृत गरेको छ ।

यस्तै, नगरपालिका क्षेत्रभित्र वडा नम्बर ८ को कि.नं. २५७ को क्षेत्रफल १२-९-१० विगाह जग्गामध्ये ५ बिगाह जग्गा सशस्त्र प्रहरी बल नेपाल १४ नम्बर गण हेडक्वार्टर मकवानपुरको लागि माग भएकाले जग्गाको प्राप्ति तथा भोगाधिकारको लागि प्रचलित कानुनबमोजिम प्रक्रिया अगाडि बढाउने निर्णय भएको छ । आगामी आर्थिक वर्ष २०८१/०८२ को लागि हेटौंडा उपमहानगरपालिकाको विभिन्न वडाहरुमा डीपीआर भएका योजनाहरु सहरी विकास तथा भवन निर्माण कार्यालयबाट सञ्चालन हुने गरी बागमती प्रदेश सरकारसमक्ष अनुरोध गर्ने निर्णय गरेको छ ।

उपमहानगरपालिकालाई आवश्यक रहेका विभिन्न कार्यविधि तथा निर्देशिका बैठकले स्वीकृत गरेको छ । उपमहानगर पालिका पूर्वनिर्मित भवन अभिलेखीकरण तथा नियमित कार्यविधि २०८१, उपमहानगरपालिका तयारी कक्षा एवम् भाषा शिक्षणसम्बन्धी निर्देशिका २०८१, उपमहानगरपालिका सामुदायिक विद्यालय दरबन्दी मिलान तथा प्रधानाध्यापक व्यवस्थापन कार्यविधि २०८१ र उपमहानगरपालिका वृत्ति मार्गनिर्देशन सेवा सञ्चालनसम्बन्धी कार्यविधि २०८१ स्वीकृत गर्ने निर्णय गरेको छ ।

बैठकले आगामी आर्थिक वर्ष २०८१/०८२ को लागि हेटौंडा उपमहानगरपालिकाको आन्तरिक आय संकलन गर्नका लागि राजस्व परामर्श समितिबाट केही प्रतिशतले वृद्धि गरी आय ठेक्काको न्यूनतम अंक कायम गर्ने निर्णय गरेको छ । यस्तै, कार्यपालिका बैठकले उपमहानगरपालिकालाई आवश्यक रहेको चार कानुन तर्जुमा र संशोधन गर्न सैद्धान्तिक सहमति दिएको छ ।

उपमहानगरपालिका उद्योग व्यवसाय दर्तासम्बन्धी ऐन, सार्वजनिक सम्पत्ति व्यवस्थापन तथा सञ्चालनसम्बन्धी कार्यविधि, उद्यमी समूह गठन, व्यवस्थापन तथा सञ्चालन अनुदान कार्यविधि, २०८० को पहिलो संशोधन र कृषि तथा पशुपालन अनुदान वितरण कार्यविधि २०७९ को पहिलो संशोधन गर्न सैद्धान्तिक सहमति दिने निर्णय गरेको छ । यस्तै, बैठकले हेटौंडा-६, कान्तिराजपथस्थित सडक क्षेत्रमा निर्माण गरिएका घर, टहरालगायत भौतिक संरचना हटाई सडकको क्षेत्राधिकार कायम गर्ने निर्णय गरेको छ ।

तेक्वान्दो संघको नगर अध्यक्षमा गौतम सर्वसम्मत

समाज संवाददाता

हेटौंडाः नेपाल राष्ट्रिय तेक्वान्दो संघ हेटौंडा उपमहानगरपालिकाको अध्यक्षमा सन्देश गौतम चयन हुनुभएको छ । बुधबार भएको नवौं साधारणसभा तथा तेस्रो अधिवेशनबाट गौतमको अध्यक्षतामा सर्वसम्मत ११ सदस्यीय नयाँ कार्यसमिति चयन गरिएको हो ।

संघको उपाध्यक्षमा केशवबहादुर कार्की, राजुकुमार थापा र भोजराज पराजुली चयन हुनुभएको छ । सचिवमा रवीन्द्र राई र सहसचिवमा रावण राई चयन हुँदा कोषाध्यक्षमा दीपेन्द्र रिजाल चयन हुनुभएको छ । यस्तै, सदस्यहरुमा अनिता मिश्रा, समीर भुजेल, ईश्वरकुमार श्रेष्ठ र जनक राई चयन हुनुभएको छ ।

नवनिर्वाचित पदाधिकारीहरुको कार्यकाल २ वर्षको हुनेछ । संघका निवर्तमान अध्यक्ष मदनकुमार श्रेष्ठको सभाध्यक्ष तथा जिल्ला खेलकुद विकास समिति मकवानपुरका सदस्य आलोक स्याङ्तानको प्रमुख आतिथ्यमा उद्घाटन कार्यक्रम भएको थियो ।

नवनिर्वाचित अध्यक्ष गौतमले सामुदायिक र संस्थागत विद्यालय तथा विभिन्न टोलहरुमा तेक्वान्दो खेलको विकास गर्न आवश्यक रहेको बताउनुभएको छ । युवाहरुमा खेलप्रतिको कौशल अभिवृद्धि गर्नका लागि उनीहरुलाई शारीरिक र मानसिक विकास गराएर आत्मबल बढाउने उहाँले प्रतिबद्धता व्यक्त गर्नुभयो । समाजमा लागूपदार्थ दुर्व्यसनीमुक्त गर्नका लागि पनि खेलको विकास गर्न आवश्यक रहेको उहाँले औंल्याउनुभयो । कार्यक्रममा राष्ट्रिय तेक्वान्दो संघका केन्द्रीय सदस्य नारायण थिङ, किरणचोक तेक्वान्दो डोजाङका सदस्य रामप्रसाद पौडेल, नगर खेलकुदका सदस्य संगीता केसी लगायतको आतिथ्य रहेको थियो ।

ट्वान्टी-२० विश्वकप क्रिकेटका लागि नेपाली टोली घोषणा

काठमाडौंः ट्वान्टी-२० विश्वकप क्रिकेट खेल्ने नेपाली टोलीको घोषणा भएको छ । नेपाल क्रिकेट संघ (क्यान) ले बुधबार रोहित पौडेलको कप्तानीमा १५ सदस्यीय टोली घोषणा गरेको हो । टोलीमा दीपेन्द्रसिंह ऐरी, आसिफ शेख, अनिलकुमार साह, कुशल मल्ल, ललित राजवंशी, करण केसी, गुलसन झा, सोमपाल कामी, प्रतिश जीसी, सन्दीप जोरा, अबिनाश बोहरा, सागर ढकाल र कमलसिंह ऐरी रहेका छन् । वेस्ट इन्डिज र अमेरिकाले आयोजना गर्ने ट्वान्टी-२० विश्वकप क्रिकेट सुरु हुनु एक महिनामात्र बाँकी छ । विश्वकपको तयारीस्वरूप नेपाली टोलीले वेस्ट इन्डिज 'ए' सँग खेलिरहेको छ ।

पत्रकार महासंघ मकवानपुरको साधारणसभा सम्पन्न

समाज संवाददाता

हेटौंडाः नेपाल पत्रकार महासंघ मकवानपुर शाखाको १८ औं साधारणसभा तथा १२ औं अधिवेशन बुधबार सम्पन्न भएको छ । नेपाल पत्रकार महासंघ मकवानपुरका अध्यक्ष मणिराज गौतमको अध्यक्षता तथा हेटौंडा उपमहानगर पालिकाकी प्रमुख मीनाकुमारी लामाको प्रमुख आतिथ्यमा साधारणसभा भएको हो ।

साधारणसभालाई सम्बोधन गर्नुहुँदै नगर प्रमुख लामाले उमहानगरपालिकाले मिडियासँगै रहेर काम गर्दै आइरहेको बताउनुभयो । विगतदेखि नै उपमहानगर पालिकाले मिडियासँग जोड्ने कार्यक्रमहरु बनाएर सहयोग गरिरहेको उहाँले बताउनुभयो । उहाँले पत्रकार महासंघ एक भएर आएमा मिडियाका लागि साझारुपमा विज्ञापन उपलब्ध गराउने बताउनुभयो ।

नगर प्रमुख लामाले राक्सिराङका चेपाङ समुदाय र विभिन्न पालिकाका विकट ठाउँका समाचारहरु नआइरहेको भन्दै मकवापनुरका अरु स्थानीय तहहरुसँग सहकार्य गरेर मिडियाले काम गर्न आवश्यक रहेको बताउनुभयो । उहाँले संस्था र संगठनले बनाएको कानुन कार्यान्वयन गर्नुपर्ने बताउनुहुँदै समस्या आएमा सबै बसेर टुङ्गो लगाउन आग्रह गर्नुभयो । मिडिया बलियो भएर आवाज उठाएमा सबै क्षेत्र बलियो हुने उहाँको भनाइ छ । मिडियासँग सहकार्य गर्न उपमहानगर सधैं तयार रहेको उहाँले प्रतिबद्धतासमेत व्यक्त गर्नुभयो ।

कार्यक्रमका विशिष्ट अतिथि नेपाल पत्रकार महासंघकी केन्द्रीय सचिव सिर्जना अर्यालले अहिले मिडियाहरु संक्रमणकालीन अवस्थामा रहेकाले मिडिया बचाउन आवश्यक रहेको बताउनुभयो । अहिले सञ्चार माध्यमहरु बन्द भइरहेको भन्दै उहाँले तीनै तहका सरकारले मिडिया क्षेत्रमा केही सहयोग गरेमा मिडिया टिकाउन मद्दत हुने उहाँको भनाइ छ । यसका लागि केन्द्रले आवाज उठाइरहेको उहाँले बताउनुभयो । अहिले महासंघको केन्द्रीय साधारणसभामा जुटेको बताउनुहुँदै उहाँले सबै जिल्लाको हकमा एउटै मापदण्ड लागू हुने बताउनुभयो ।

पत्रकार महासंघ बागमती प्रदेशका अध्यक्ष शिव देवकोटाले स्थानीय तहहरुले सञ्चार माध्यमहरुलाई समानुपातिकरुपमा विज्ञापन वितरण गर्नुपर्ने बताउनुभयो । यसो भएमा स्थानीय तहको दिगो विकासका लागि सञ्चाकर्मीहरु जोड्ने र मिडिया हाउस टिक्न मद्दत पुग्ने उहाँको भनाइ छ । उहाँले समान तरिकाले महासंघको सदस्यता वितरण गर्नुपर्ने भए पनि त्यो हुन नसक्दा प्रदेशको अधिवेशन नतोकेको बताउनुभयो । उहाँले महासंघले थालेको सदस्य शुद्धिकरण अभियानमा कसैलाई अपमान नहुने बताउनुहुँदै राजनीतिक दल र सरकारी जागिरमा लागेकाहरुको मात्रै समस्या रहेको बताउनुभयो ।

महासंघ मकवानपुरका अध्यक्ष मणिराज गौतमले आफूले आफ्नो कार्यकालमा चाहेर पनि कतिपय काम गर्न नसकेको बताउनुभयो । तीन वर्षे कार्यकालमा सुरुको वर्ष कोभिडको खोप लगाउने र कोभिड लागेका सञ्चार कर्मीहरुलाई भेटघाट, स्वास्थ्य सामग्री वितरण गरी बितेको उहाँको भनाइ छ । त्यसपछि वार्षिकरुपमा फिचर लेखन कार्यक्रम गरेको बताउनुभयो । अघिल्लो कार्यकालमा भएका राम्रा कामहरुलाई निरन्तरता दिएको अध्यक्ष गौतमले दावी गर्नुभयो । उहाँले स्थानीय सरकारहरुबाट सहयोग प्राप्त हुन नसक्दा पनि काम गर्न कठिन भएको बताउनुभयो । उहाँले अब बन्ने नयाँ कार्यसमितिले राम्रो कामको निरन्तरता दिन पनि आग्रह गर्नुभयो ।

अग्रज पत्रकार नवराज शर्मालाई सम्मान गरिँदै ।

साधारणसभाले महासंघ मकवानपुरका सचिव शुभलक्ष्मी विकले प्रस्तुत गर्नुभएको प्रगति प्रतिवेदन र कोषाध्यक्ष केशव समर्पणले प्रस्तुत गर्नुभएको आर्थिक प्रतिवेदनलाई सुझावसहित पारित गरेको छ । महासंघको सदस्यता शुद्धिकरण अभियानअन्तर्गत् मकवानपुर जिल्ला शाखाले निर्णय गरी बागमती प्रदेश समिति हुँदै केन्द्रीय समितिमा पठाएको विवरण पुनारावलोकन गर्ने निर्णय साधारणसभाले गरेको छ । यस्तै, ज्येष्ठ पत्रकार पेन्सन कोषसम्बन्धी कार्यविधि संशोधन गर्ने प्रस्ताव पनि साधारणसभाले पारित गरेको छ ।

साधारणसभाको अवसरमा महासंघ मकवानपुरले अग्रज पत्रकारको रुपमा नवराज शर्मा र क्रियाशील पत्रकारको रुपमा सरिता दाहाललाई सम्मान गरेको छ । साधारणसभाको उद्घाटन कार्यक्रममा महासंघका केन्द्रीय सदस्य सुनिल खड्का, बागमती प्रदेशका उपाध्यक्ष रुपेश दुलाल र सम्झना कार्की, महासचिव कृष्ण सारु मगर, निवर्तमान अध्यक्ष प्रताप विष्ट, ब्रोडकास्टिङ एसोसिएसन अफ नेपाल (बान) का केन्द्रीय उपाध्यक्ष उज्जवल चौलागाईलगायतको आतिथ्य रहेको थियो ।

विभिन्न मुद्दामा फरार ४ जना प्रतिवादी पक्राउ

समाज संवाददाता

हेटौंडाः जिल्ला प्रहरी कार्यालय बाराले विभिन्न मुद्दामा फरार रहेका ४ जना प्रतिवादीलाई नियन्त्रणमा लिएको छ । मंगलबार प्रहरीले बारा जिल्ला अदालत कलैयाबाट मुद्दामा बारदातपश्चात् फरार रहेका व्यक्तिहरुलाई पक्राउ गरेको हो ।

पक्राउ पर्नेमा बारा, निजगढ नगरपालिका वडा नम्बर ९ बस्ने विष्णु श्रेष्ठ रहेको प्रहरीले जनाएको छ । श्रेष्ठ गाली बेइज्जती मुद्दामा फरार रहेका थिए । यस्तै, लागूऔषध मुद्दामा फरार रहेका कलैया उपमहानगरपालिका वडा नम्बर २१ बस्ने ३० वर्षीय बिल्टु महरा चमार, बाराको प्रसौनी गाउँपालिका वडा नम्बर १ प्रसौनी बस्ने ४५ वर्षीय नावेद आलम मंसुर र बाराको निजगढ नगर पालिका वडा नम्बर १२ बस्ने ४३ वर्षीय सूर्यबहादुर घलानलाई प्रहरीले नियन्त्रणमा लिएको हो । फरार प्रतिवादीहरुलाई पक्राउ गरी कानुनी कारबाही गरिएको जिल्ला प्रहरी कार्यालय बाराले जनाएको छ ।

एक जना मृत फेला

समाज संवाददाता

हेटौंडाः सिन्धुली जिल्लाको सुनकोशी गाउँपालिका-७, भकुण्डे सामुदायिक वनको पहरामा एक जना पुरुष मृत फेला परेका छन् । मंगलबार स्थानीयले जानकारी गराएपश्चात् जंगलको पहरामा रहेको लहारामा खुट्टा अल्झिएको अवस्थामा अन्दाजी ४० वर्षीय पुरुष सडी, गली सकेको अवस्थामा फेला परेको बागमती प्रदेश प्रहरी कार्यालय हेटौंडाले जानकारी दिएको छ । शव पहिचान गर्न नसक्ने अवस्थामा रहेको र अनुसन्धान कार्य भइरहेको प्रहरीले जनाएको छ ।

साहित्यकार चौलागाईंद्वारा पुरस्कार अस्वीकार



आर. आर. चौलागाईं is with Nirmala Blon and Hari Humagain in Hetauda.

4h · Hetauda ·

म यो पुरस्कार पाउन योग्य छैन । त्यसै भएर नलिने निर्णय गरेको छु ।

भीम विराग सङ्गीत साहित्य कला प्रतिष्ठान नेपाल
मकवानपुर

प. सं:
च. नं.
मितिः २०८१-०१-१८

प्रेस विज्ञप्ति

वरिष्ठ कलासाधक भीम विरागको बहुआयामिक व्यक्तित्वप्रति सम्मान स्वरुप वि. सं. २०५९ भाद्र ७ गते स्थापना भएको 'भीम विराग सङ्गीत साहित्य कला प्रतिष्ठान नेपाल' नेपाली सङ्गीत, साहित्य र कला क्षेत्रमा परिचित संस्था हो । देश तथा विदेशमा रही नेपाली वाङ्मयको क्षेत्रमा उल्लेखनीय योगदान पुर्याउँदै आउनुभएका सर्जक,

समाज संवाददाता

हेटौंडाः भीम विराग संगीत, साहित्य, कला प्रतिष्ठानले घोषणा गरेको पुरस्कार साहित्यकार आरआर चौलागाईले अस्वीकार गर्नुभएको छ । आफू उक्त पुरस्कारका लागि योग्य नभएको भन्दै साहित्यकार चौलागाईंले सामाजिक सञ्जाल फेसबुकमार्फत् अस्वीकार गर्नुभएको हो ।

भीम विराग संगीत, साहित्य, कला प्रतिष्ठानले हेटौंडामा मंगलबार पत्रकार सम्मेलन गरेर ४ वटा नयाँ र ७ वटा नियमिततर्फ गरी ११ विधामा पुरस्कार घोषणा गरेको थियो । चौलागाईंलाई १५ हजार राशिको चिनुकुमारी लामा स्मृति साहित्य पुरस्कार दिने घोषणा गरिएको थियो । उक्त पुरस्कारका लागि आफू योग्य नभएको भन्दै चौलागाईंले पुरस्कार अस्वीकार गर्नुभएको हो ।

समृद्धि प्रकाशन प्रा.लि. द्वारा प्रकाशित, ठेगानाः हेटौंडा-४, अजरअमररोड, ०५७-५२६८३०, Email:sambridhasamaj@gmail.com, website:www.samriddhasamaj.com, प्रबन्ध निर्देशकः रोजिना श्रेष्ठ, सम्पादकः सुरेश श्रेष्ठ